सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
(प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा)
धनगढी, कैलाली

Email: mosdsp.tvet@gmail.com
Phone Number:

प.स.
च. न.

मिति :२०८०।०८।०४

**विषय: बहुप्राविधिक शिक्षालय/पोलिटेक्निक इन्स्टिच्युटहरूले प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

यस मन्त्रालयको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत प्रदेश भित्र सञ्चालित पोलिटेक्निक/बहुप्राविधिक शिक्षालयलाई Center of Excellence (नमूना) को रुपमा विकास गर्न प्रस्तावको आधारमा पूँजीगत अनुदान प्रदान गर्ने कार्यक्रम रहेकोले प्रदेश भित्र सञ्चालनमा रहेका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का आङ्गिक शिक्षालय वा स्थानीय तह संगको साँझेदारीमा सञ्चालनमा रहेका पोलिटेक्निक इन्स्टिच्युट/प्राविधिक शिक्षालयहरूले सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र ( **मिति २०८०।०८।१८ गते कार्यालय समय भित्र)** शिक्षालयमा सञ्चालित शैक्षिक कार्यक्रमको लागि आवश्यक रहेको Workshop/ प्रयोगशाला स्थापना वा स्तरोन्नति गर्न लागत अनुमान सहितको प्रस्ताव पेश गर्न हुन सम्बन्धित सवैको जानकारीको लागि मन्त्रालयको मिति २०८०।०७।२२ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

२०८०।०८।०४
लोकेन्द्र प्रसाद भट्ट
शाखा अधिकृत

पुनश्चः प्रस्तावमा देहाय अनुसारका विवरण अनिवार्य संलग्न गर्न हुन

- प्रस्ताव पेश गरेको पत्र।
- संस्था संग सम्बन्धित विवरणहरू (सञ्चालित कार्यक्रमहरू, विद्यार्थी भर्नाको अवस्था, भौतिक पुर्वाधार, कार्यरत जनशक्ति आदि)
- विद्यार्थीहरूको Job placement, Internship, कार्यस्थलमा गरिने सिकाई लगायतका विषयमा उद्योग व्यावसायीहरू संग भएको सम्झौता भए सो को विवरण,
- सम्बन्धित स्थानीय तहबाट लगानी/साँझेदारीको प्रतिवद्धता गरेको भए सो को विवरण,
- कार्यशाला/Workshop/ प्रयोगशाला स्थापना वा स्तरोन्नतिको लागत अनुमान सहितको योजना।